# बराहक्षेत्र नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

चकघट्टी, सुनसरी
कोशी प्रदेश, नेपाल

पत्र संख्याः ०८०/८१ ( प्रशासन शाखा )
च. नं:

मितिः २०८०।१०।२२
ने.सं.: ११४४ पोहेलागा, १० सोमवार

**करारमा सेवा लिने सम्बन्धी सूचना ।**
(सूचना प्रकाशित मिति २०८०।१०।२२)

बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालयमा रहने गरी देहायको पद, संख्या र योग्यता भएका कर्मचारीहरु करारमा राख्नु पर्ने भएकाले योग्यता पुगेका नेपाली नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र कार्यालय समयमा राजस्व तिरेको रसिद सहित दरखास्त दिनहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । दरखास्त फारामसहितको विवरण कार्यालय वा कार्यालयको वेवसाइट www.barahamun.gov.np बाट उपलब्ध हुनेछ ।

| विज्ञापन नं. | पद | माग संख्या | कैफियत |
|---|---|---|---|
| ३।०८०-८१ | नगर प्रहरी सहायक कमाण्डर | १ (एक) | |
| ४/०८०-८१ | नगर प्रहरी जवान (खुल्ला) | २ (दुई) | |
| | नगर प्रहरी जवान (महिला) | २ (दुई) | |

**क) शैक्षिक योग्यता र अनुभव :**

१ नेपाली नागरिक

२ न्यूनतम योग्यता : विज्ञापन नं. ३ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट एसएलसी वा सो सरह उत्तिर्ण, विज्ञापन नं. ४ को हकमा मान्यता प्राप्त शिक्षण संस्थाबाट कक्षा ८ वा सो सरह उत्तिर्ण भएको हुनु पर्ने ।

३ अनुभवको हकमा : तोकिएको शैक्षिक योग्यता पुरा गरी सम्बद्ध कार्यमा अनुभव भएकोलाई ग्राहयता दिइनेछ ।

४ उमेर : विज्ञापन नं. ३ को हकमा १८ वर्ष उमेर पुरा भई ४५ वर्ष ननाघेको, विज्ञापन नं. ४ को हकमा २० वर्ष पुरा भई ४० वर्ष ननाघेको ।

५ अन्य प्रचलित कानुनद्वारा अयोग्य नभएको ।

६ आवेदन दस्तुर : विज्ञापन नं. ३ को हकमा रु ५००।-, विज्ञापन नं. ४ को हकमा रु. ३००।- लिइनेछ ।

७ क) पुरुषको हकमा उचाई ५ फिट २ इन्च, छाती ३१/३३ इन्च, तौल ५५ के.जी. भएको ।

ख) महिलाको हकमा उचाई ५ फिट, तौल ४५ के.जी. भएको ।

८ आँखा माइनस २ वा प्लस २ भन्दा बढी कमजोर नभएको ।

९ पानीमा पौडिन जान्नेलाई प्राथमिकता दिइनेछ ।

**ख) दरखास्तमा संलग्न गर्नुपर्ने:** नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणित प्रतिलिपि, अनुभवको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, सरकारी अस्पतालबाट निरोगिताको प्रमाण पत्र प्राप्त गरेको, फोटो २ प्रति र अन्य अनुभव तथा आवश्यक कागजातहरुको प्रमाणित प्रतिलिपि संलग्न हुनु पर्नेछ । पेश गरिने सबै प्रतिलिपिको पछाडी उम्मेदवार स्वयंले हस्ताक्षर गरी प्रमाणित गर्ने ।

**ग) परिक्षाको किसिम :** शारिरीक तन्दुरुस्ती, प्रयोगात्मक र अन्तर्वार्ता ।

**घ) पारिश्रमिक :** नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

**ङ)** हरेक चरणको परीक्षा समाप्ति पछि नतिजा प्रकाशन गरिनेछ र उत्तिर्ण उम्मेदवारहरुलाई मात्र अर्को चरणको परीक्षामा सहभागी गराइनेछ ।

**च) थप जानकारीको लागि :** बराहक्षेत्र नगरपालिका, नगर कार्यपालिकाको कार्यालय वा फोन नं. ०२५-५५११४७ (प्रशासन शाखा) मा सम्पर्क गर्न सकिने छ ।

देबेन्द्र बहादुर मल्ल
प्रमुख प्रशासकीय अधिकृत